# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, मंसिर २५ गते २०६३ साल (संख्या ३२

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध भै कार्यरत Clinic Nepal मघौली, चितवनका लागि दातृ सँस्था MedShare International Decatur बाट उपहार स्वरुप प्रदान गरिने यू. एस. डलर १,०४,५९३.११ (एक लाख चार हजार पाँच सय त्रियानब्बे सेण्ट एघार) मूल्य बराबरको स्वास्थ्य सामग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध विकलाङ्ग मित्र समूहद्वारा सञ्चालित अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र काभ्रे पलाञ्चोक-को लागि दातृ संस्था KCI Medical Asia Pte. Singapore बाट उपहार स्वरुप प्रदान गरिने यू. एस. डलर १,२५०.०० (एक हजार दुई सय पचास) मूल्य बराबरको अपाङ्गहरुको लागि प्रयोग गरिने सामानहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध भै कार्यरत Pennsylvania United Medical Association (PUMA) Chapter Nepal, नामको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित परियोजनाका लागि PUMA, USA बाट उपहार स्वरुप प्रदान गरिने यू. एस. डलर १२,०००.००० (बाह्र हजार) मूल्य बराबरको Medical Equipment र Children Clothes आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसूल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्तांक २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार



१२५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयोग गरी पाटन अस्पताल लगनखेल, ललितपुरको लागि Axios and The GIPAP Organisation, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने CHF ४,९२,८००.०० (चारलाख बयान्नब्बे हजार आठ सय) मूल्य बराबरको क्यान्सर रोगीहरूको उपचारमा प्रयोग गरिने Imatinib (Glivec) औषधि आयात गर्दा भन्सार महसुल पूरै छुट दिने निणय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।-
गो. हु. द. नं. १६।२०६२।६३

२५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४७९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।